साँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

प.सं. २०७७/०७८
च.नं.:

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal
मिति २०७८/०२/०३

सूचना ॥ सूचना ॥ सूचना ॥

विश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड- १९ संक्रमणको प्रभाव साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र तीव्र रुपमा परिरहेको सन्दर्भमा साँगुरीगढी- ५ ओखे क्षेत्रमा कोभिड- १९ को लक्षण देखिन गइ पिसिआर परीक्षण गर्दा १३ जना स्थानीय नागरिकहरुमा पिसिआर रिपोर्ट पोजेटिभ देखापरेको हुँदा कोभिडको थप प्रभाव समुदायस्तरमा पर्न नदिन साँगुरीगढी गाउँपालिका, स्थानीय कोभिड संकट व्यवस्थापन केन्द्र (LCCMC) मिति २०७८/०२/०३ गतेको बैठकको निर्णयले मिति २०७८/०२/०४ गतेदेखि २०७८/०२/१५ गतेसम्म ओखेको पूर्वमा बालुवा कोइरी, उत्तरमा पैरेखोला र ओखेखोला, पश्चिममा धारेडाँडा र दक्षिणमा मोरङ्ग जिल्लाको सीमाना भित्रको चारकिल्ला क्षेत्र पूर्णरुपमा सिल गरिएको छ। साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रको अन्य स्थानहरुका आमनागरिकहरु तथा सरोकारवालाहरुका लागि गाउँपालिकाको तर्फबाट माथि उल्लेखित अवधिसम्म देहायको सूचना जारी गरिएको छ। यो सूचनाको अवज्ञा गरेमा संक्रामक रोग ऐन, २०२० बमोजिम कार्यवाही भइ जाने व्यहोरा समेत जानकारी गराइन्छ। यसबाट पर्न गएको असुविधाका लागि गाउँपालिका परिवार क्षमाप्रार्थी छ।

**तपसिल**

१. अत्यावश्यक काम बाहेक घरबाट बाहिन ननिस्कने र निस्कनै पर्ने भए स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र बाहिन निस्कने।

२ राजमार्गमा गुड्ने सवारी साधनहरु साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र रोक्न नपाइने।

३. होटल (लाईन होटलसमेत) ब्यापार, व्यवसाय आदि पूर्णरुपमा बन्द गर्ने।

४. खाद्यन्न पसल, तरकारी पसल, दुध पसल लगायत दैनिक उपभोग्य पसलहरु विहान ७.०० बजेदेखि १०.०० बजेसम्म खुल्ला हुने।

५. विवाह, ब्रतवन्ध, भेला, गोष्ठी, सेमिनार, हाटबजार, मेला, जात्रा, पर्व, पार्टी भोज लगायतका भिडभाड हुने कार्यहरु नगर्ने।

६. समूहमा खेलिने खेलकुद, जिमहल, फुटबल लगायतका सम्पूर्ण खेलकुदहरु पूर्ण रुपमा बन्द गर्ने।

७. मन्दिर, मस्जिद, चर्च आदि धार्मिक स्थलहरुमा हुने नियमित पूजा बाहेका सम्पूर्ण कार्य बन्द गर्ने।

८. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र अन्यत्र स्थानबाट आउनु हुने महानुभावहरुले अनिवार्य र सुरक्षति रुपमा १४ दिनसम्म आइसोलेशनमा बस्ने।

९. स्थानीय नागरिकमा कोभिडको लक्षणहरु देखापरे तत्काल नजिकको स्वास्थ्य संस्था तथा साँगुरीगढी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्ने।

१०. साँगुरीगगढी गाउँपालिकाको कार्यालय र दश वटै वडा कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवाहरु मिति २०७८/०२/०४ गतेदेखि २०७८/०२/१५ गतेसम्म बन्द गर्ने र अत्यावश्यक सेवाहरु सीमित कर्मचारीहरुबाट आलोपालो गरी दिनको ११.०० देखि १.०० बजेसम्म संचालन गर्ने।

(जयराम श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत